कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ्ग, रसुवा
बागमती प्रदेश, नेपाल

फोनः ९८५११९८५०९६
**Email:** kalikagaupalika@gmail.com
**Website:** kalikamunrasuwa.gov.np


प.सं. : ०८१/८२
च.नं. :

## अपाङ्ग तथा असहाय मानव सेवा आश्रममा आश्रय लिने व्यक्तिको निवेदन आह्वान गरिएको सुचना

(मिति : २०८१।१२।१२ )

यस कालिका गाउँपालिकाको आगामी आ.व. २०८२।०८३ को लागि मिति २०८१ चैत्र ११ गतेको गाउकार्यपालिकाको बैठकको निर्णय अनुसार यस गाउँपालिका वडा नं.२ मा अवस्थित **अपाङ्ग तथा असहाय मानव सेवा आश्रमको** भवनमा मिति २०८२ श्रावण १ गतेदेखि सेवा केन्द्र सञ्चालन गर्न लागेकोले सो आश्रममा आश्रय लिन इच्छुक ज्येष्ठ नागरिक,अपाङ्ग,महिला, असहाय एकल महिला ,अनाथ बालबालिका आदि तपसिलका मापदण्ड पुरा गरेकाले सुचना प्रकाशित भएको मितिले **३० दिन** भित्र सम्बन्धित वडा कार्यालयमा इच्छुक महानुभाव, निजको परिवार सदस्य तथा संरक्षकले निवेदन पेश गर्नु हुन अनुरोध छ ।

तपशिल :

१. गाउँपालिका भित्र स्थायी बसोबास गर्ने भनी वडाको सिफारिस ,

२. अपाङ्गता भएको व्यक्तिको हकमा परिचय पत्र सहितको कागजात,

३. एकल महिलाको हकमा ६० वर्ष पूरा भएको,

४.अनाथ असहाय बालबालिकाको हकमा १८ वर्ष ननाघेको हुनुपर्ने साथै सम्बन्धित वडाको अनाथ असाहय हो भन्ने सिफारिस अनिवार्य ,

५.सेवा केन्द्रमा बसोबासका लागि परिवारका सदस्यहरु तथा संरक्षकको मन्जुरीनामा अनिवार्य समावेश गर्नुपर्नेछ ।

नोट :

संस्थाको व्यवस्थापन तथा भौतिक साथै अन्य सुविधा कालिका गाउँपालिकाको सहयोग तथा निगरानी निर्णय बमोजिम हुनेछ ।

.....................
कृष्ण बहादुर के.सि.कुवँर
प्रमुख प्रशासकिय अधिकृत
**कृष्ण वहादुर के.सी.कुँवर**
**प्रमुख प्रशासकीय अधिकृत**